## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या: ८२ मिति : २०७६/०८/०८

**भाग २**

**आठविसकोट नगरपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधिहरु सर्वसाधरणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

## आठविसकोट नगरपालिका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) कार्यविधि, २०७६

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


**आठविसकोट नगरपालिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) कार्यविधि, २०७६**

आठविसकोट नगरपालिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) र ऐ ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आठविसकोट नगर कार्यपालिकाले देहायका कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यो कार्यविधिको नाम आठविसकोट नगरपालिका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति (पहिलो संशोधन) कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **मूल कार्यविधिको भाग २ को दफा ३ मा संशोधन** :- (१) दफा ३ को उपदफा (१) को (ग) मा रहेको समितिको अध्यक्षले मनोनित गरेको **व्यक्ति** भन्ने शब्दहरुको सट्टा **समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट** भन्ने शब्द राखिएको छ ।

(२) दफा ३ को उपदफा (१) को (ग) मा रहेको **प्र.अ.** भन्ने शब्दको सट्टा **स्वास्थ्य संस्था रहेको वडाको विद्यालयहरुको प्रमुख/प्राचार्य/शिक्षक/मध्येवाट महिला** भन्ने शब्दहरु राखिएको छ ।

(३) दफा ३ को उपदफा (३) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थप गरिएको छ ।

तर समितिको बैठकमा स्वास्थ्य संस्था रहेको वडामा रहेका देहायका लक्षित वर्गवाट अनिवार्य रुपमा आमन्त्रित गर्नु पर्नेछ,

| | |
|---|---|
| (क) दलित/जनजाति समुदायवाट प्रतिनिधित्व हुने गरी | १ जना |
| (ख) किशोरकिशोरीहरुको प्रतिनिधित्व हुने गरी | १ जना |
| (ग) अपांग, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट | १ जना |

प्रमुख प्रशासकीय अधिकृत